# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:६ संख्या: ७ मिति:२०७९/११/०४

**भाग २**

**माण्डवी गाउँपालिका**

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको माण्डवी गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि तथा सुदृधिकरण कार्यविधि २०७९ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**सम्वत् २०७९ सालको कार्यविधि नं. ४**

## शैक्षिक गुणस्तर अभिवृद्धि तथा सुदृधिकरण कार्यविधि २०७९

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

## प्रस्तावना

नेपालको संविधानमा प्रष्ट व्यवस्था भएको आधारभूत तहसम्म निःशुल्क र अनिवार्य शिक्षा कार्यान्वयन गरी सबै बाललवालिकाहरुलाई शिक्षाको पहुँचमा पुर्याउन तथा शिक्षाको गुणस्तर अभिवृद्धि गरी सक्षम र नैतिकवान जनशक्ति विकासमा टेवा पुर्याउन र शैक्षिक वातावरणलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार अन्तर्गत माण्डवी गाँउपालिकाको **शैक्षिक गुणस्तर अभिवृद्धि तथा सुदृढिकरण कार्यविधि २०७९** वनाइएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र परिभाषा : यो कार्यविधिको नाम माण्डवी गाँउपालिकाको **शैक्षिक गुणस्तर अभिवृद्धि तथा सुदृढिकरण कार्यविधि २०७९** रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

३. यो कार्यविधि गाँउपालिका क्षेत्रभर लागु हुनेछ।

४. परिभाषा

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ।

ख) "गाउँपालिका" भन्नाले माण्डवी गाउँपालिकालाई जनाउँछ।

ग) "सभा" भन्नाले माण्डवी गाउँपालिकाको गाउँसभालाई जनाउँछ।

घ) "कार्यपालिका" भन्नाले माण्डवी गाउँपालिकाको गाउँकार्यपालिकालाई जनाउँछ।

ङ) "प्रमुख" भन्नाले गाउँ कार्यपालिकाको प्रमुखलाई जनाउँछ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ।

छ) "शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा प्रमुखको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ।

ज) "विषय विज्ञ" भन्नाले शिक्षक छनोट प्रयोजनका लागि गाउँपालिकाले सूचीकृत गरेको रोष्टर शिक्षकलाई जनाउछ।

झ) "विद्यालय" नियमानुसार अनुमति वा स्वीकृत प्राप्त माण्डवी गाउँपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालय सम्झनुपर्दछ।

ञ) "शिक्षक दरबन्दी" भन्नाले विद्यालयमा नेपाल सरकारले उपलब्ध गराएको दरबन्दी तथा राहत दरबन्दी सम्झनुपर्दछ।

ट) "न्यून दरबन्दी" भन्नाले तहगत, कक्षागत तथा विषयगत रुपमा ऐनले तोके भन्दा कम दरबन्दी रहेको अवस्था सम्झनु पर्दछ।

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

ठ) "नियमावली" भन्नाले माण्डवी गाउँपालिकाको शिक्षा नियमावलीलाई सम्झनु पर्दछ

ड) "आधारभूत विद्यालय" भन्नाले शिशु कक्षा र कक्षा १ देखि कक्षा ८ सम्म संचालन भएको विद्यालय सम्झनु पर्दछ।

ढ) "माध्यमिक विद्यालय" भन्नाले शिशु कक्षा र कक्षा १ देखि कक्षा १० वा बाल कक्षा र कक्षा १ देखि कक्षा १२ सम्म संचालन भएको विद्यालय सम्झनु पर्दछ।

## परिच्छेद -२

## कार्यान्वयनका क्षेत्र

१. शैक्षिक सस्थाको गुणस्तर अभिवृद्धिका लागी विद्यालयहरुले आफ्नो आवश्यकताको आधारमा प्रस्तावना बनाई माग गरेका क्षेत्रहरु।

२. शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्धारण गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेखित कार्यालय सहयोगी, मा .वि. तथा आं. वि. का सहायक कर्मचारी तथा बाल विकास सहजकर्तालाई स्थानीय सरकारले नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक पुर्याउन उपलब्ध गराउनुपर्ने भनी तोकिएको अनुदान रकम।

३. आर्थिक वर्ष २०७९।०८० प्रारम्भ हुनुभन्दा अघी विद्यालयहरुले न्यून जनशक्तिका कारण पठनपाठनमा प्रतिकुल परेको अवस्थामा नियुक्ति गरेका निजि शिक्षकहरुलाई बढीमा चालु आ.व. का लागी मात्र गाँउपालिकाको शिक्षक अनुदान कार्यविधि २०७८ मा उल्लेखित भन्दा बढी नहुने गरी विद्यालयहरुले नियुक्ति गर्दाको समयमा सम्झौता गरेको रकम अनुदानका रुपमा उपलब्ध गराउने तथा विद्यालयहरुमा त्यसरी गाँउपालिकाले अनुदान उपलब्ध गराएका निजी शिक्षकहरुलाई न्यून शिक्षक भई पठनपाठनमा समस्या भएका गाँउपालिका भित्रका जुनसुकै विद्यालयहरुमा गाँउ शिक्षा समितिको निर्णयले कामकाजमा खटाउन सकिने।

४. शैक्षिक संस्थाहरुको समग्र पक्षलाई ब्यवस्थापन गरी दिर्घकालिन समस्या समाधान गर्न एउटा कार्यदल वनाइने छ।

५. कार्यदलको सिफारिसको आधारमा हाल कार्यरत जनशक्तिलाई मापदण्ड वनाई तोकिएको निश्चित सख्यामा आन्तरिक तथा बाह्य मुल्याकन समेतका आधारमा छनौट गरी ब्यवस्थापन गरिनेछ।

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद – ३

## कार्यदल गठन र त्यसको क्षेत्राधिकार

१) गाँउपालिका मातहतका शैक्षीक संस्थाको गुणस्तर अभिवृद्धि तथा समग्र ब्यवस्थापन सम्वन्धमा सिफारिस गर्न देहाय अनुसारको कार्यदल गठन गरिनेछ ।

क) श्री प्रकाश वली सामाजिक विकास समिति संयोजक - संयोजक

ख) सम्बन्धित विद्यालय भएको वडाको अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य -सदस्य

ग) श्री दिपेन्द्र अधिकारी श्री गणेश माध्यमिक विद्यालय शिक्षक -सदस्य

घ) श्री भगवता मल्ल श्री सुन्नानी आधार माध्यमिक विद्यालय मर्कावाङ्ग शिक्षक -सदस्य

ङ) श्री टोप बहादुर मल्ल श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय जुजेनेटा शिक्षक -सदस्य

च) श्री मिन बहादुर पुन मगर श्री माण्डवी माध्यमिक विद्यालय नयाँगाउ शिक्षक -सदस्य

छ) श्री होम बहादुर महरा श्री कामाक्षी माध्यमिक विद्यालय उदयपुरकोट शिक्षक -सदस्य

ज) श्री खिम बहादुर घर्ती मगर MIS operator माण्डवी गाउँपालिका ~~शिक्षक~~ -सदस्य

झ) श्री तुल्सी कार्की शिक्षा शाखा प्रमुख – सदस्य -सचिव

२) कार्यदलले प्रत्येक विद्यालयको अध्ययन गरी त्यहाँको जनशक्तिको विवरण भौतिक वातावरण लगायतका विविध पक्षमा अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन गाँउपालिका समक्ष पेश गर्नेछ ।

३) कार्यदलले पेश गरेको प्रतिवेदन गाँउ कार्यपालिकामा प्रस्तुत र छलफल हुनेछ ।

४) शिक्षक विद्यार्थी अनुपात, भौगलिक अवस्थिति र विषयगत दक्षता समेतका आधारमा निजि शिक्षकको दिर्घकालिन व्यवस्थापन समेतलाई ख्याल राखी सिफारिस गर्नेछ ।

२०७९।११।०४

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणीकरण मिति: २०७९/११/०४**

**आज्ञाले,**
**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**